रेइवा 5 साल （2023 साल） संस्करण

# आपत्कालीन सानो रकम कोष·समग्र सहयोग कोष (विशेष ऋण)लिएका व्यक्तिहरूलाई ~फिर्ता मिनाहाको जानकारी~

यो कोषमा सरकारले तोकेको सर्तमा पर्यो भने “फिर्ता मिनाहा (ऋण फिर्ता गर्न नपर्ने)” हुन्छ।

तपाईंपनि “फिर्ता मिनाहा”मा पर्नुहुन्छ कि, राम्ररी पढेर प्रक्रिया पूरा गर्नुहोस्।

दायरामा परेमा आइपुगेको मिनाहा आवेदन फारमको रंग पक्का गरेर आवश्यक प्रक्रिया पूरा गर्नुहोस्।

※1　यो जानकारी ऋण लिएको सबैलाई पठाइएको छ। ऋण लिएको कोषको प्रकार वा समयअनुसार आवेदन फारमको रंग फरक हुन्छ।

※2　दायरामा पर्ने व्यक्तिले मात्र आवेदन दिन सक्नुहुन्छ। (मिनाहाको लागि आवेदन दिनु आवश्यक छ। कर छुट पाएको व्यक्तिले स्वतः मिनाहा पाउने होइन।)

※3　रेइवा 5 आर्थिक वर्षमा बसोबास कर लगाइएको व्यक्ति मिनाहाको दायरामा नपर्ने भएकोले प्रक्रियामा जानु आवश्यक छैन।

समाज कल्याण निगम फुकुसिमा प्रान्त समाज कल्याण परिषद्

**मिनाहा आवेदन फारमको रंग गुलाबी・हरियो・सेतोको व्यक्ति【पूर्ण मिनाहा】**

# 1 फिर्ता मिनाहाको प्रक्रियाबारे

**तपाईंले ऋण लिएको आपत्कालीन सानो रकम कोष・समग्र सहयोग कोष (विशेष ऋण), रेइवा 6 साल (2024 साल) देखि ऋण फिर्ता सुरु हुन्छ।**

फिर्ता मिनाहाको प्रक्रिया ऋण लिएको कोषको प्रकारअनुसार बेक्ला-बेग्लै वर्षमा गरिने छ।

रेइवा 5 साल(2023 साल)मा फिर्ता मिनाहाको प्रक्रिया गर्न सक्ने कोष, रेइवा 4 साल(2022 साल) 4 महिना 1 तारिखपछि ऋण लिएको "आपत्कालीन सानो रकम कोष", "समग्र सहयोग कोष(पहिलो ऋण)" र "समग्र सहयोग कोष(लम्ब्याइएको ऋण)" हुन्।

| कोषको प्रकार | आवेदन फारमको रंग |
|---|---|
| आपत्कालीन सानो रकम कोष | गुलाबी |
| समग्र सहयोग कोष(पहिलो ऋण) | हरियो |
| समग्र सहयोग कोष(लम्ब्याइएको ऋण) | सेतो |

समग्र सहयोग कोषको पुनः ऋणबारे, रेइवा 6 आर्थिक वर्ष(2024 आर्थिक वर्ष)मा जानकारी दिइने छ।

# 2 रेइवा 5 साल(2023 साल)मा फिर्ता मिनाहा हुने सर्तबारे

रेइवा 5 आर्थिक वर्ष(2023 आर्थिक वर्ष)मा, "तपाईं(ऋण लिएको व्यक्ति)" र "तपाईं(ऋण लिएको व्यक्ति)को घरमूली" **दुवै जना**, "**रेइवा 5 आर्थिक वर्ष**"को "बसोबास कर समान दर र आय दर दुवै कर छुट (बसोबास कर तिर्न नपर्ने)" भएमा, फिर्ता मिनाहा हुनेछ।

# 3 रेइवा 5 साल(2023 साल)मा फिर्ता मिनाहा हुने रकमबारे

**रेइवा 5 आर्थिक वर्ष(2023 आर्थिक वर्ष)**को बसोबास कर प्रमाणपत्र(कर छुट प्रमाणपत्र) प्राप्त गरेपछि, मिनाहाको आवेदन अवधिभित्र आवेदन दिएमा सबै रकम मिनाहा हुन्छ।

⇒पृष्ठ 4 【4 फिर्ता मिनाहा आवेदन दिने तरिका】हेर्नुहोस्।

**मिनाहा आवेदन फारमको रंग सुन्तला रंग · बैजनीको व्यक्ति [आंशिक मिनाहा]**

# 1 फिर्ता मिनाहाको प्रक्रियाबारे

फिर्ता मिनाहाको प्रक्रिया गर्न सक्ने कोष, रेइवा 4 साल 3 महिनाको अन्तसम्ममा ऋण लिएको "आपत्कालीन सानो रकम कोष" र "समग्र सहयोग कोष (पहिलो ऋण)" मध्ये, रेइवा 3 आर्थिक वर्ष वा रेइवा 4 आर्थिक वर्षमा बसोबास कर लगाइएको व्यक्ति, रेइवा 5 आर्थिक वर्षको फिर्ता मिनाहाको दायरामा परेमा, ऋणको केही भागबारे फिर्ता मिनाहाको लागि आवेदन दिन सक्नुहुन्छ।

| कोषको प्रकार | आवेदन फारमको रंग |
|---|---|
| आपत्कालीन सानो रकम कोष | सुन्तला रंग |
| समग्र सहयोग कोष(पहिलो ऋण) | बैजनी |


# 2 रेइवा 5 साल(2023 साल)मा फिर्ता मिनाहा हुने सर्तबारे

रेइवा 5 आर्थिक वर्ष(2023 आर्थिक वर्ष)मा, "तपाईं(ऋण लिएको व्यक्ति)" र तपाईं(ऋण लिएको व्यक्ति)को घरमूली" **दुवै जना**, "**रेइवा 5 आर्थिक वर्ष**"को "बसोबास कर समान दर र आय दर दुवै कर छुट(बसोबास कर तिर्न नपर्ने)" भएमा, **ऋणको केही भाग** फिर्ता मिनाहा हुनेछ।


# 3 रेइवा 5 साल(2023 साल)मा फिर्ता मिनाहा हुने रकमबारे

**रेइवा 5 आर्थिक वर्ष**(2023 **आर्थिक वर्ष**)को बसोबास कर प्रमाणपत्र(कर छुट प्रमाणपत्र) प्राप्त गरेपछि, फिर्ता मिनाहा आवेदन अवधिभित्रै आवेदन दिएमा, मिनाहाको आवेदन दिएको महिनाभन्दा पछाडि, जुन महिनामा फिर्ता सुरु गर्नुभएको थियो अर्को वर्षको त्यही महिना (तलको उदाहरणमा 1 महिना) र त्यसपछिको ऋण फिर्ता मिनाहा हुन्छ।

<उदाहरण1>आपत्कालीन सानो रकम कोष 20 मान येन ऋण लिएको खण्डमा(रेइवा 5 साल 1 महिना देखि 2 वर्षमा फिर्ता गर्ने अवस्थामा)




<उदाहरण2>समग्र सहयोग कोष 60 मान येन ऋण लिएको खण्डमा(रेइवा 5 साल 1 महिना देखि 10 वर्षमा फिर्ता गर्ने अवस्थामा)




⇒पृष्ठ4 [4 फिर्ता मिनाहाको आवेदन दिने तरिका] हेर्नुहोस्।

# 4 फिर्ता मिनाहाको आवेदन दिने तरिका

○आवेदन अवधि रेइवा 5 साल(2023 साल) 6 महिना ～ 8 महिना 31 तारिख(बिहीबार)

※आवेदन अवधिपछि आवेदन दिए पनि स्वीकार्य छ तर सकेसम्म चाँडै आवेदन दिनुहोस्। तर फिर्ता मिनाहा स्वीकृतिको निर्णय अगाडि तपाईंले फिर्ता गर्नुभएको रकम चाहिं फिर्ता मिनाहाको स्वीकृति भएपनि तपाईंलाई फिर्ता गरिने छैन।

○आवेदन दिने ठाउँ समाज कल्याण निगम फुकुसिमा प्रान्त समाज कल्याण परिषद्

※1 यो कागजातसँगै हालिएको खाममा राखेर हुलाकमार्फत पठाउनुहोस्।

※2 दुइटा वा सोभन्दा बढी आवेदन दिनुहुन्छ भने एउटा खाममै राखेर हुलाकमार्फत पठाउनुहोस्।

○आवश्यक कागजात ①मिनाहा आवेदन फारम(संलग्न भएको कागजात, हरेक कोषको लागि चाहिन्छ।)

| | कोषको प्रकार | आवेदन फारमको रंग | मिनाहाको रकम |
|---|---|---|---|
| आ | आपत्कालीन सानो रकम कोष | गुलाबी | पूर्ण मिनाहा |
| इ | समग्र सहयोग कोष(पहिलो ऋण) | हरियो | |
| उ | समग्र सहयोग कोष(लम्ब्याइएको ऋण) | सेतो | |
| ए | आपत्कालीन सानो रकम कोष | सुन्तला रंग | आंशिक मिनाहा |
| ओ | समग्र सहयोग कोष(पहिलो ऋण) | बैजनी | |

※1 आवेदन दिनुहुन्छ भने, **नगरपालिकाबाट प्राप्त गरेको** ②र③को **एक एक प्रति** संलग्न गर्नुहोस्।

※2 दुइटा वा सोभन्दा बढी आवेदन दिनुहुन्छ भने, हरेक आवेदनको लागि②र③ आवश्यक छ। **नगरपालिकाबाट प्राप्त गरेको** एक एक प्रति संलग्न गर्नुहोस्। अरू आवेदनको लागि फोटोकपी भएपनि हुन्छ।

②सँगै बस्ने परिवार सबैको बसोबास पत्र (सँगै बस्ने परिवार सबैको बारेमा लेखिएको अनि घरमूलीको नाम र घरमूलीसँगको सम्बन्धबारे लेखिएको, मिनाहा आवेदन दिने दिनभन्दा 3 महिनाभित्र जारी गरिएको हुनुपर्छ)

※1 एक जना मात्र भएको परिवार पनि "**सेताइ जेन्इनबुन्(परिवार सबैको)**" भनेर लेखिएको बसोबास पत्र प्राप्त गर्नुहोस्।

※2 घरमूलीको नाम र सम्बन्ध नलेखिएको बसोबास पत्रबाट आवेदन दिन सक्नुहुन्न।

③**रेइवा 5 आर्थिक वर्ष(2023 आर्थिक वर्ष)**को बसोबास कर प्रमाणपत्र(वा कर छुट प्रमाणपत्र)

※1 "तपाईं(ऋण लिएको व्यक्ति)" र "तपाईं(ऋण लिएको व्यक्ति)को घरमूली"को दुवै "**रेइवा 5 आर्थिक वर्ष(2023 आर्थिक वर्ष)**"मा जारी गरिएको हुनुपर्छ।

(ऋण लिएको र घरमूली एउटै व्यक्ति भएमा ऋण लिएको व्यक्तिको पत्र मात्र)


※2 "कर प्रमाणपत्र"को "कर रकम"मा "शुन्य" हुनुपर्छ। खाली हुनु हुँदैन।

**"कर प्रमाणपत्र" (वा कर छुट प्रमाणपत्र)**

रेइवा 5 आर्थिक वर्ष: रेइवा 5 साल 6 महिनामा जारी गरिने प्रमाणपत्र (रेइवा 4 साल 1～12 महिनासम्मको आय विवरण छ)

# 5 फिर्ता मिनाहा हुन्छ कि हुँदैन? (फिर्ता मिनाहा सर्त पक्का गर्नुहोस्।)

फिर्ता मिनाहाको सर्तमा पर्छ कि पर्दैन, सो पक्का गर्नुहोस्।




1 फिर्ता मिनाहाको दायरामा पर्नुहुन्न।

2－1 तपाईं “बसोबास कर छुट” भएकोले फिर्ता मिनाहाको दायरामा पर्नुहुन्छ।

2－2 तपाईं र घरमूली “बसोबास कर छुट” भएकोले फिर्ता मिनाहाको दायरामा पर्नुहुन्छ।

→ 4 फिर्ता मिनाहाको आवेदन दिने तरिका हेर्दै प्रक्रियामा जानुहोस्।

3 रेइवा 5 साल(2023 साल) 6 महिनापछि, नगरपालिकाको कर विभागमा, तपाईं “बसोबास कर छुट”मा पर्नुभएको छ कि छैन, सो पक्का गर्नुहोस्।

4 रेइवा 5 साल(2023 साल) 6 महिनापछि, नगरपालिकाको कर विभागमा, तपाईं र घरमूली “बसोबास कर छुट”मा पर्नुभएको छ कि छैन, सो पक्का गर्नुहोस्।

※रेइवा 5 साल(2023 साल) 1 महिना 1 तारिखमा तपाईंको बसोबास पत्र भएको नगरपालिका वा गाउँपालिकामा बसोबास कर प्रमाणपत्र प्राप्त गर्न सक्नुहुन्छ। नगरपालिकाको कर विभागमा पक्का गर्नुहोस्।

## 6　बसोबास करबारे पक्का गर्नको लागि

रेइवा 4 साल(2022 साल) 1～12 महिनामा आय थियो?

थियो

काम गरेको कम्पनी वा पसलले नगरपालिकालाई तलबको रिपोर्ट बुझाएको छ?

थिएन

छैन

थाह छैन

लागु हुँदैन

छ

आफैले “काकुतेइ सिन्कोकु (कर छुट निवेदन)” वा बसोबास कर निवेदन दिनुभएको छ?

होइन

आय तलब मात्र हो?

छैन

छ

हो

नगरपालिकामा “कर छुट” भएको वा नभएको, सो पक्का गर्नुहोस्।

नगरपालिकामा बसोबास कर निवेदन दिएपछि, “कर छुट” भएको वा नभएको, सो पक्का गर्नुहोस्।

※बसोबास कर निवेदन दिने तरिकाबारे, रेइवा 5 साल(2023 साल) 1 महिना 1 तारिखमा तपाईंको बसोबास पत्र भएको नगरपालिकाको कर विभागमा सोधपुछ गर्नुहोस्। (बसोबास कर छुट हुँदा, नगरपालिकाबाट सूचना नदिने भएकोले, नगरपालिकाको कर विभागमा अनिवार्य रूपमा पक्का गर्नुहोस्।)

## 7　फिर्ता मिनाहा आवेदनको नतिजा चाहिं?

○आवेदन अवधिभित्र आवेदन दिनुभयो भने, रेइवा 5 साल(2023 साल) 11 महिनातिर सम्ममा फिर्ता मिनाहा भयो कि भएन भन्नेबारे कागजपत्रमार्फत जानकारी दिइनेछ।

※1　कागजपत्र नआएसम्म पर्खनुहोस्। नतिजाबारे सोधपुछ नगर्नुहोस्।

※2　आवेदन दिन ढिलो भएमा नतिजाको जानकारी ढिलो हुन्छ भन्ने कुरा बुझिराख्नुहोस्।

○यदि फिर्ता मिनाहा नहुने भएमा, तपाईंको बैंक खाताबाट हरेक महिना स्वचालित रूपमा भुक्तानी गरिनेछ वा भुक्तानी पर्चीमार्फत भुक्तानी गर्नुहोस्। तपाईंको बैंक खाताबाट स्वचालित रूपमा भुक्तानी गर्न चाहनुहुन्छ भने सम्पर्क गर्नुहोस्। तपाईंलाई त्यसको फारम पठाइने छ।

○स्वचालित भुक्तानीको प्रक्रियामा 2-3 महिना लाग्ने भएकोले चाँडै प्रक्रियामा जानुहोस्।

## 8　सोधपुछ गर्न सक्ने ठाउँ

समाज कल्याण निगम फुकुसिमा प्रान्त समाज कल्याण परिषद् सामुदायिक कल्याण विभाग(जीवन सहयोग विभाग)

फोन नम्बर 024－523－1250(बिहान 9 बजे～दिउँसो 5 बजे सम्म)※शनिवार, आइतवार, राष्ट्रिय बिदा, नयाँ वर्षको छुट्टी बाहेक

## फिर्ता मिनाहा आवेदन फारम भर्ने उदाहरण

कालो बलपेनले लेख्नुहोस्।
अक्षर मेटिने बलपेन वा कलमले लेखेको कुरा स्वीकार्य छैन।

# 緊急小口資金等の特例貸付に係る貸付金償還免除申請書

**緊急小口資金　または　総合支援資金　分**

<社協記入欄>

※太枠内をすべてご記入ください。

**間違えて記入した場合は、二重線で消したうえで、余白に記入し直してください。（訂正印不要）**

नभर्नुहोस्।

| | | |
|---|---|---|
| 免除申請理由 | 住民税の均等割・所得割いずれも非課税となったため。 | |
| 世帯の状況 ※いずれかひとつに☑をつける | ☐ 現在、私（借受人）が世帯主である<br>☐ 現在は借受人以外の者が世帯主であり、かつ現在の世帯主は貸付申請時に借受人とは別世帯<br>☐ 現在は借受人以外の者が世帯主であるが、DV による避難等により世帯主の所得証明書を取得できない | ☐ 左記のいずれにも当てはまらない場合 |
| 必要書類 | ①(以下、３つの書類がすべて必要)<br>①-1:免除申請書（この書類）<br>…非課税の方が免除対象 | ②(以下、３つの書類がすべて必要)<br>②-1:免除申請書（この書類）<br>…課税証明書（住民税非課税であることがわかるもの）※住民税**均等割・所得割いずれも**非課税の方が免除対象 |

परिवारको अवस्थाबारे एउटामा ☑ लगाउनुहोस्।

社会福祉法人福島県社会福祉協議会　会長殿

① 本特例制度の償還免除が決定した場合、自立相談支援機関に対して同機関の業務遂行に活用することを目的として私の個人情報を提供することに同意します。
② 記入した個人情報については、本制度に必要な範囲で、第三者に提供することに同意します。
③ 私は、貴社会福祉協議会が、本制度に必要な範囲で全国社会福祉協議会、他の都道府県社会福祉協議会、市町村社会福祉協議会、自治体、公共職業安定所、自立相談支援機関、家計改善支援機関等の関係機関に照会し、私の個人情報の提供を受けることに同意します。
④ 私及び私の世帯の者は、暴力団員ではありません。私は、貴社会福祉協議会が必要に応じ官公署等から私又は私の世帯員に係る暴力団員該当性情報の提供を求めることに同意します。〔暴力団とは、「暴力団員による不当…の構成員…す。〕

यो कागजात भरेको मिति, हस्ताक्षर र फोन नम्बर लेख्नुहोस्।

⑥ 償還免除を目的に世帯主の変更を行っていません。また、償還免除の決定後、本申請書の記載事項について虚偽であることが判明した場合や償還免除の要件に該当しないことが判明した場合には、償還免除を取り消されることに同意します。

**上記①～⑥すべての事項について同意する場合は、同意年月日、借受人氏名（自署）、電話番号を記入してください。**

令和　　　年　　　月　　　日

※この書類を記入した日付を記入

借受人氏名（自署）

電話番号　　―　　―　　※日中に連絡のとれる電話番号を記入すること。

※以下については、申請者は記入しないでください

नभर्नुहोस्।

प्रक्रिया पूरा गर्ने तरिकाबारे प्रत्यक्ष रूपमा पक्का गर्न चाहनुहुन्छ भने

ऋण लिन आवेदन गर्नुभएको समाज कल्याण परिषद्सँग सम्पर्क गर्नुहोस्।

| Municipal name | telephone number | Municipal name | telephone number | Municipal name | telephone number |
|---|---|---|---|---|---|
| Fukushima City | 024-533-8881 | Shirakawa City | 0248-22-1159 | Showa Village | 0241-57-2655 |
| Nihonmatsu City | 0243-23-7867 | Nishigo Village | 0248-25-5454 | Aizumisato Town | 0242-54-2940 |
| Date City | 024-576-4050 | Izumizaki Village | 0248-54-1555 | Shimogo Town | 0241-69-5111 |
| Motomiya City | 0243-24-7780 | Nakajima Village | 0248-52-3400 | Hinoemata Village | 0241-75-2382 |
| Koori Town | 024-582-1155 | Yabuki Town | 0248-44-5210 | Tadami Town | 0241-84-7006 |
| Kunimi Town | 024-585-3403 | Tanagura Town | 0247-33-2623 | Minamiaizu Town | 0241-62-4169 |
| Kawamata Town | 024-565-3761 | Yamatsuri Town | 0247-34-1050 | Soma City | 0244-36-2015 |
| Otama Village | 0243-68-2100 | Hanawa Town | 0247-43-2154 | Minamisoma City | 0244-24-3415 |
| Koriyama City | 024-932-5311 | Samegawa Village | 0247-49-3600 | Hirono Town | 0240-27-2789 |
| Sukagawa City | 0248-88-8211 | Aizuwakamatsu City | 0242-28-4030 | Naraha Town | 0240-25-4157 |
| Tamura City | 0247-68-3434 | Kitakata City | 0241-23-3231 | Tomioka Town | 0240-22-5522 |
| Kagamiishi Town | 0248-62-6428 | Kitashiobara Village | 0241-28-3757 | Kawauchi Village | 0240-38-3802 |
| Ten-ei Village | 0248-82-2826 | Nishiaizu Town | 0241-45-4259 | Okuma Town | 0240-23-5171 |
| Ishikawa Town | 0247-26-3793 | Bandai Town | 0242-73-3022 | Futaba Town (Iwaki City) | 0246-84-6725 |
| Tamakawa Village | 0247-57-4410 | Inawashiro Town | 0242-62-5168 | Namie Town | 0240-34-4685 |
| Hirata Village | 0247-55-3500 | Aizubange Town | 0242-83-1368 | Katsurao Village | 0240-29-2020 |
| Asakawa Town | 0247-36-3163 | Yugawa Village | 0241-27-8890 | Shinchi Town | 0244-62-4213 |
| Furudono Town | 0247-53-4394 | Yanaizu Town | 0241-42-3418 | Iitate Village | 0244-42-1021 |
| Miharu Town | 0247-62-8586 | Mishima Town | 0241-52-3344 | Iwaki City | 0246-23-3320 |
| Ono Town | 0247-72-6866 | Kaneyama Town | 0241-55-3336 | | |

(रेइवा 5 साल 4 महिना)